संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

खबर

**आबश्यकता**

d'n'sLb}lgsfO{pbok'/lhNnfsf] ;a} :yfgLo txx? rf/gu/kflnsfx?lop'uf, rfb0fLu9L,a]nsf, s6f/L, rf/ ufpkflnsfx?lndr'"a'"a, /f}tf, pbok'/u9L/ tfKnLufpkflnsfdf /x]/ ;dfrf/ n]Vg] ;+jfbbftf cfaZos k/]sf] x'bf0R5'sn] ;Dks{ ug'{xf]nf.

**सम्पर्क: ९८४२९८५१८८**

■ बर्ष-१६, ▶▶ अंक ३१ ▶▶ जेठ २४ सोमबार,२०७८, June – 7 Monday ,2021,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com

## करेण्टले ठहरै

❖ मुलुकी संवाददाता

*चौदण्डी, जेठ २३*

उदयपुरको पूर्वी नगरपालिका चौदण्डीगढी ८ का ७२ बर्षिय भलमान बिश्वकर्माको आईतबार बिहान करेन्ट लागेर मृत्यु भएको छ।

चौदण्डीगढी नगरपालिकाको वडा नम्बर ८ मा विद्युत प्राधिकरणले गाडेको बिजुली बतीको पोल र ताल ढल्दा सो तारमा बिधुत प्रवाहा भई बाटो हिड्दै गरेका बिको करेन्ट लागेर मृत्यु भएको बुझिएको छ।

आफ्नै घरबाट छोराको घर जाँदै गदौ बाटोमा चुँडिएर खसेको तारमा बिधुत प्रवाहा भईरहेको कारण बिकलाई करेन्ट लागेको थियो। बिधुत प्राधिकरणका कर्मचारीले ढलेको पोल र तारमा बिधुत नकाटिदिदा उक्त घटना भएको स्थानीयको आरोप छ।

# गाईघाट बजारको सडक टालटुलमा ५७ लाख

❖ बुद्धिकुमार राई

*गाईघाट, जेठ २३*

गाईघाट बजारमा ४ दिन भयो सडकको ठाउँ - ठाउँमा कोतारिएको छ। स्काइभेटरले कतै खनेको छ भने कतै गिटि थुपारिएको छ। उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार जति सुन्दर छ त्यति नै यहाँको सडक, बत्ती, फोहोर, सडकपेटि, नालीको समस्याको कारण बजारको सुन्दरतामा कमी आएको छ।

सदरमुकाम रहेको त्रियुगा नगरपालिकाको वडा नम्बर ११ गाईघाट बजारमा अहिले सडक मर्मत सम्भारको काम भईरहेको छ। सडक बोर्ड नेपाल र त्रियुगा नगरपालिकाको साझेदारीमा अहिले सडक मर्मत भइरहेको हो।



कुल ५७ लाख बजेट मध्ये ७० प्रतिशत सडक बोर्ड नेपाल र ३० प्रतिशत त्रियुगा नगरपालिकाको लगानीमा सडक मर्मत सम्भार भईरहेको त्रियुगा नगरपालिकाका इन्जिनियर निर्मल चौधरीले बताए। इन्जिनियर चौधरीका अनुसार सुशन आदित्य बिजय निर्माण सेवाका सुर्यबहादुर खड्काले निर्माण ठेक्का लिएको भएपनि अहिले अर्कै ब्याक्तिले सडक निर्माण गरिरहेको बताए।

अहिले सो काम सम्पन्न गर्नको लागि प्रबिण बस्नेतले त्रियुगा नगरपालिकामा सुशन आदित्य निर्माण सेवा सङ्ग अनुमती पत्र लियर काम गरिरहेको इन्जिनियर चौधरीले बताए। २०७८ बैशाखमा काम ठेक्का लिएको निर्माण कम्पनीले आगामी २०७८ असार मसान्तसम्ममा सडक मर्मत सम्भारको काम सकिसक्नु पर्ने नगरपालिकाले जनाएको छ।

त्रियुगा नगरपालिकाको वडा नम्बर ११ अन्तर्गत पुरानो गाईघाटदेखि सुम्निमा चोक, अमुर्त एफएमदेखि किरण राईको जिके पुस्तक पसल भएको घर, त्यहाँदेखि बिद्युत प्राधिकरण जाने सडक हुँदै लोकतान्त्रिक चोक, टेम्पो चोकदेखि पुरानो पेट्रोलपम्प हुँदै हिमाली टोल भएर लोकतान्त्रिक चोकसम्म, शिबालय टोल, सङ्गमटोल जाने बाटोसम्म सडक मर्मत सम्भार भईरहेको निर्माण व्यबशायी प्रबिण बस्नेतले बताए। उनका अनुसार प्रत्येक ठाउँमा १ सय ७५ घनमिटर कालेपत्रे गर्नुपर्ने योजना छ।

त्रियुगा नगरपालिकाका इन्जिनियर निर्मल चौधरीले गाईघाट बजारका विभिन्न ठाउँमा टुक्रा-टुक्रामा गर्नुपर्ने मर्मत संभारको काम झण्डै १ किलोमिटर जति रहेको बताए। यस कामका लागि काम भईरहेको र नगरपालिकाले कडाईका साथ अनुगमन, निगरानी गर्नेछ। सडक मर्मत गर्दा काम गुणस्तर हुनु पर्ने इन्जिनियर चौधरीले बताए।

# उदयपुरमा २३ संक्रमित थपिए

# निको हुने २२,थप २ जनाले ज्यान गुमाए

❖ मुलुकी संवाददाता

*उदयपुर, जेठ २३*

पछिल्लो २४ घण्टामा उदयपुरमा ४ महिलासहित १३ जना नयाँ संक्रमित थपिदा १० महिलासहति २२जना निको भएका छन्। नयाँ संक्रमितहरु त्रियुगाका ८, कटारीका ४ र बेलकाका १ जना छन्।

पछिल्लो तथ्यांक अनुसार गएको २४ घण्टामा १० महिलासहित २२ जना संक्रमित निको भएका छन्। यो सँगै निको हुनेको संख्या जिल्लामा १ सय ४२ महिलासहित ३ सय २८ पुगेको छ। हालसम्म निको हुनेमा त्रियुगाका ५३ महिलासहित १ सय ३३, कटारीका ६ महिलासहित १६, चौदण्डीगढीका ३८ महिलासहित ८९, बेलकाका २३ महिलासहित ४३ रहेका छन्।

लिमचुङबुङका १५ महिलासहित ३०, रौतामाईका ३ महिलासहित १०, उदयपुरगढीका ३ महिलासहित ६ र ताप्लीका एक महिला निको भएको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ।

*हाल त्रियुगामा २ सय ३९ महिलासहित ५ सय ४६ को उपचार भईरहेको छ भने बेलकाका ६८ महिलासहित १ सय ३५, चौदण्डीगढीका ६२ महिलासहित १ सय २४ र कटारीका ५३*

d lxnf; lxt ! ; o !* s f]pkr f/t 5g\.

जिल्लामा हाल ५ सय ८ महिलासहित सक्रीय संक्रमितको संख्या १ हजार १ सय ३१ पुगेको स्वास्थ्य कार्यालय उदयपुरले जाएको छ। स्वास्थ्य कार्यालय प्रमुख मोहन सुबेदीका अनुसार हाल त्रियुगामा २ सय ३९ महिलासहित ५ सय ४६ को उपचार भईरहेको छ भने बेलकाका ६८ महिलासहित १ सय ३५, चौदण्डीगढीका ६२ महिलासहित १ सय २४ र कटारीका ५३ महिलासहित १ सय १८ को उपचार भईरहेको छ।

त्यस्तै रौतामाईका ३१ महिलासहित ८२, लिमचुङबुङका २४ महिलासहति ६८, उदयपरगढीका १७ महिलासहित ४७ र ताप्लीका ४ महिलासहित ११ सक्रीय संक्रमितको उपचार भईरहेको छ। उनीहरुको उपचार सदरमुकाम गाईघाट, बेलटारको उदयपुर कोविड अस्पताल, धरान र विराटनगर तथा होमआईसोलेसनमा उपचार भईरहेको छ।

स्वास्थ्य कार्यालयका तथ्यांक अधिकृत उमेश लुईटेलका अनुसार पछिल्लो २४ घण्टामा उदयपुरका थप २ जनाको मृत्यु भएको छ।

प्रादेशिक कोविड अस्पताल बिराटनगरमा चौदण्डीगढी ७ की ५७ वर्षीया महिलाको शनिबार मृत्यु भएको छ भने त्रियुगा १३ का एक ३९ वर्षीय पुरुषको बिपी स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा आईतबार मृत्यु भएको छ। यो सँगै मृत्यु हुनेको संख्या उदयपुरमा ११ महिलासहित ४४ पुगेको छ।

**सगरमाथा डिपाटमेन्ट स्टोर**

**गाईघाट, उदयपुर**



# प्रधानमन्त्री रोजगार कार्यक्रमले गाउँ–गाउँमा खुशी









❖ बुद्धि कुमार राई

*उदयपुर, जेठ २३*

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत त्रियुगा नगरपालिकाको ८ वटा वडामा विभिन्न बिकास निर्माणका कामहरु अहिले धमाधम भईरहेको छ। १६ वटा वडा रहेको त्रियुगा नगरपालिकामा स्थानिय वडा कार्यालयहरुको साझेदारिमा ८ वटा वडासङ्ग सहकार्य गरेर काम गरिरहेको प्रधानमन्त्री रोजगार कार्यक्रम त्रियुगा नगरपालिकाका रोजगार सयोजक पम्फा घले मगरले बताईन।









सयोजक मगरका अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रममा त्रियुगा नगरपालिकाका लागि चालू आर्थिक बर्ष २०७७/७८ मा २ करोड १४ लाख २६ हजार बजेट आएको छ । यस मध्ये पहिलो किस्ता ५१ लाख ५२ हजार आएको र दोस्रो किस्ता २०७७ चैत मा १ करोड १२ लाख आईसकेको छ। तीन बर्ष अघि सुरु भएको प्रधानमन्त्री रोजगार कार्यक्रममा त्रियुगा नगरपालिकाको लागि आर्थिक बर्ष २०७५/७६ मा ७७ लाख, २०७६/७७ मा २० लाख ९० बजेट आएको कार्यालयले जनाएको छ।

यस अघि आएको बजेट बाट गरिएको कामको धेरै टिक्काटिप्पणी भएपछि सरकारले यस बर्षदेखि कार्ययोजना नै बनायर कार्यक्रम गरेको हो । कार्यक्रमलाई दुई भागमा वर्गीकरण गरि १८ बर्षदेखि ४० बर्षका युवाहरुको लागि युवा रोजगारी मर्मत सम्भार पहल आयोजना र अर्को १८ बर्षदेखि ५९ बर्ष उमेर सम्मका कामदारलाई कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना नामबाट कार्यक्रम सन्चालित भइरहेको कार्यक्रम संयोजक मगरले जानाकारी दिइन।

चालु आर्थिक बर्ष २०७७/७८ मा उदयपुर जिल्लाको त्रियुगा नगरपालिकामा सुचिकृत बेरोजगार नागरिक १ हजार ७ सय ९४ जना रहेका छन। यी मध्ये प्राथमिकताको आधारमा २ सय ८४ जनाले एक सय दिनको लागि दैनिक ५ सय ७० ज्यालामा काम गरिरहेका छन। हरेक बर्ष बेरोजगारका लागि नागरिक को तथ्यांक सङ्कलन गर्ने कार्यबिधी भएका कारण आर्थिक बर्ष २०७८/७९ को लागि उदयपुर जिल्लाको त्रियुगा नगरपालिकामा १ हजार ९ सय ८६ जना सुचिकृत बेरोजगार नागरिकमा ८ सय ८४ जना पुरुष र १ हजार १ सय ३८ जना महिला रहेको कार्यालयले जनाएको छ।

पुर्बधार, सामुदायिक निर्माण, कुलो, बाटो, बाँध, सिचाइ निर्माण अन्तर्गत त्रियुगा नगरपालिकाको वडाहरु २ खैजनपुर, ३ मोतिगडा, ८ शाहिखोला खाट मन्दिर , ९ राटमाटे , १० बोक्से, १४ साउने, १५ खाबु र १६ जाप्ला चिलाउने मा कार्यक्रमहरु संचालन भइरहेको छ । त्रियुगा नगरपालिका -२ खैजनपुरमा वडाको ३ लाख र रोजगार कार्यक्रमको १ लाख ४३ हजार ७ सय २६ रुपियाँ ज्याला गरि पक्की नाला २०७७ चैत ६ गते सुरु भएको छ।

वडा नम्बर ३ मोतिगडा चाँपमा वडाको ६ लाख र रोजगार कार्यक्रमको २ लाख १९ हजार २ सय ८ ज्याला गरि ७२ मिटर पक्की नाला निर्माण, मोतिगडा मै अर्को काम वडाको ४ लाख र रोजगार कार्यक्रमको १ लाख ७४ हजार २ सय २९ बजेटमा ९५ मिटर पक्की नाला निर्माण भएको छ । त्यस्तै वडा नम्बर ८ शाहिखोला खाटमन्दिरमा चौतारा निर्माण, वडा कार्यालय, खाट मन्दिरको सिढि निर्माण, चन्द्री भगवती मन्दिर मर्मत सम्भारका लागि वडाको ३ लाख ५० हजार र ७ जना बेरोजगार को लागि १ सय दिनको ज्याला रोजगार कार्यक्रमको १ लाख ७५ हजार ६ सय १० बजेट मा काम भईरहेको छ। वडा नम्बर १० बोक्सेमा सार्बजनिक शौचालयमा वडाको ५ लाख र रोजगार कार्यक्रमको १ लाख ७० हजार १ सय ९१, राधाकृष्ण मन्दिरको चौतारा तथा विश्राम निर्माणमा नगरपालिकाको १५ लाख रोजगार कार्यक्रमको ९ लाख २२ हजार ३ सय २८ खर्च भएको छ।

अन्य बाँकी ३ वटा वडाहरुमा वडा नम्बर १४ साउनेमा वडाको ६७ हजार र रोजगार कार्यक्रमको २१ जना मजदुरलाई १ लाख ८७ हजार २ सय ५१ ज्याला गरेर धापखर्क चप्पन गोरेटो बाटो निर्माण हुदैछ । वडा नम्बर १५ खाबु रानिबासमा सिद्धवति माबिदेखि तल्लो रानिबास सडक मर्मतमा वडाको ९ लाख ८१ हजार ९ सय ८६, रानिबासको सगरमाथा राजमार्गदेखि वडा कार्यालयसम्म वडाको ३ लाख ६० हजार, रोजगार कार्यक्रमको १४ जना ७ लाख २५ हजार ९ सय ३१, जग्गाधनीबाट ८० हजार १ सय ६३, हुरेण्डेक्बाट ८० हजार सहयोग सडक निर्माण, अधेरी हुवास राटमाटे सिचाइ आयोजनाको लागि वडाको ४ लाख र रोजगार कार्यक्रमको ४१ जना कामदारको लागि २ लाख १३ हजार ४०।

आरुबोटे जगटार सडक निर्मानमा वडाको १३ लाख ९ हजार ९ सय ९४ र रोजगार कार्यक्रमको १२ लाख २९ हजार ४ सय २६ मा काम भइरहेको छ । वडा नम्बर १६ मा सिँजाली तिनधारे सडक निर्माणमामा वडाको ५० हजार रोजगार कार्यक्रमको ३८ जनालाई एक सय दिन ज्याला सहित १९ लाख ४६ हजार ५ सय ५, नेवारे चिलाउने भन्ज्याङ सडक निर्माणमा वडाको १३ हजार रोजगार कार्यक्रमको १५ जनालाई १ सय दिनको ज्याला ८ लाख ९ हजार ६ सय २२ पाखिनडाँडा धोउरी सडक निर्माणमा वडाको १६ हजार ३ सय ५ र रोजगार कार्यक्रमको २० जनालाई १० लाख ३४ हजार १६ खर्च भएको छ। शाहिखोला आपचौर बनभोज स्थल पुर्बाधार निर्माणको लागि वडाको १ लाख २ हजार र रोजगार कार्यक्रमको ८ जनालाई ज्याला ३ लाख ९५ हजार ६ सय ४८ खर्च हुदै गरेको रोजगार संयोजक पम्फा घले मगरले बताइन।

प्रधानममन्त्री रोजगार कार्यक्रमले १६ वटा वडा रहेको त्रियुगा नगरपालिकाको वडा नम्बर १ जोगिदह, वडा नम्बर ४ बगाहा, वडा नम्बर ५ देउरी श्रीपुर, वडा नम्बर ६ जलजले लालपत्ता, वडा नम्बर ७ चुहाडे कालीखोला वडा नम्बर ११ गाईघाट, वडा नम्बर १२ पुरानो गाईघाट, वडा नम्बर १३ असारी बेहडवालाई भने वडाले साझेदारी बजेट हाल्न नसक्दा यो कार्यक्रमले त्यहाँका बेरोजगार नागरिकलाई समेट्न सकेन । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट निर्माण भईरहेको बिकास निर्माणको काममा वडाको बजेटबाट निर्माण भएको आयोजना तथा मर्मत सम्भार मा यो कार्यक्रमले बेरोजगारलाई ज्यालामात्र दिने गरेको छ। यो सबै योजनाको काम प्रधानमन्त्री रोजगार कार्यक्रमको सब - इन्जिनियर ओभरसियर अनिल दनुवारले निरिक्षण नापजाँच पास गर्नेछ।

# चौदण्डीगढीद्वारा एम्बुलेन्स हस्तान्तरण



❖ मुलुकी संवाददाता

*चौदण्डीगढी, जेठ २३*

आईतबार उदयपुरको चौदण्डीगढी नगरपालिकाद्वारा दुई स्वास्थ सँस्थालाई एम्वुलेन्स हस्तान्तरण गरिएको छ । नगरपालिकाले एक स्वास्थ्य चौकी र अर्को नगर अस्पताललाई एम्बुलेन्स्तन्तरण गरेको हो ।

नगरपालिका अनुसार आइतबार चौदण्डीगढी नगरपालिकाको वडा नम्वर ९ मा रहेको हडिया स्वास्थ्य चौकी र वडा नम्वर ७ मा रहेको नगर अस्पताललाई एक/एक थान एम्वुलेन्स हस्तान्तरण गरेको हो । दुबै एम्वुलेन्स नगरपालिकाले कुल २१ लाख ९९ हजार ९ सय २४ रुपैयाँमा खरिद गरेर ल्याई हस्तान्तरण गरेको नगरपालिका प्रम्रमुख खगेन्द्र राईले जानकारी दिए ।

उनका अनुसार जम्मा १० वटा वडा रहेको नगरपालिकामा अब वडा नम्वर २ र ६ बाहेक सबै वडामा एम्बुलेन्स सेवा उपलब्ध भएको छ । कोरोना महामारीको वेला नगरपालिकाले नगर क्षेत्रमा सञ्चालनमा ल्याएको एम्वुलेन्सलाई महत्वपूर्ण भएको बताइएको छ। एम्वुलेन्स स्वास्थ्य क्षेत्रको एउटा महत्वपूर्ण अंग मानिन्छ ।

स्थानीयहरुलाई बिरामी परेको अबस्थामा समेत उनीहरुलाई समयमा अस्पातलसम्म पुऱ्याएर स्वास्थ्य लाभ गराउन महत्वपूर्ण छ । कोरोनाको समयमा त एम्वुलेन्स अतिआवश्यक सवारी साधानै बनेको थियो । चौदण्डीगढी नगरपालिकाले हस्तान्तरण गरेर स्वास्थ्य सँस्थामार्फत सञ्चालनमा ल्याएको एम्वुलेन्सले जनतामा खुशीको छाएको छ ।













## ताप्ली गाउँपालिकाको कार्यालयद्वारा

### गाउँपालिकाबासी जनसमुदायलाई अनुरोध

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं ।
२. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं ।
५. इजाजत पत्र लिएर मात्र व्यपार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं ।
६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं ।
९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

**ताप्ली गाउँपालिकाको कार्यालय**
**रुपाटार, उदयपुर**



खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी

## नेपाल आयल निगम लि. को

## अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ताहरुमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ठाडो राखेर मात्र प्रयोग गर्ने । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई बर्षमा ग्याँसको पाइप फेरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।
४. खाना पकाउदा सँधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

### ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुलोको नब बन्द गरौं ।
२. झ्याल ढोका खुल्ला राखौं र बिजुली बत्ती, सलाई, लाईटर, धुप आदि नबालौं । विद्युतीय उपकरणको प्रयोग नगरौं ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुट्याई सिलिण्डरमा सेफ्टी क्याप लगाई बाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्याँस बिक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौं ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो !"*


उपभोक्ता जनहितका लागि जारी

## नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१ ४२६३४८५, ४२६३४८१








त्रिपा – ११ गाईघाट, उदयपुर, असारीरोड,
लालिगुराक बोडिङदेखि पुर्व पटी मन्दिर अगाडी ।
प्रोपाइटरः–**थमान चामलिङ राई**
सम्पर्कः– ९८४२९७५८७७, ९८१९७३८६८३
*यहा अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्रि गरिन्छ । पानी, थुक्पा, सस, स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ ।*



## पाण्डे श्री सप्लायर्स & ट्रेडर्स



त्रिनपा–११ गाईघाट, असारीरोड, लालिगुराक बोडिङ पूर्व काका होटलसँगै जोडिएको
प्रोपाइटरः–**बिनोदकुमार पाण्डे**
सम्पर्कः– ९८५२८३०५८२
*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।*



माझखर्क साप्ताहिकको सह-प्रकाशन..
मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट